# नेपाल राष्ट्र बैंक

## नगद कारोवार सम्बन्धी सूचना

नेपाल सरकारको निर्णय अनुसार सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४ को दफा ४४ग. को उपदफा (१) को प्रयोजनको लागि प्रचलित कर सम्बन्धी कानूनले अन्यथा व्यवस्था गरेकोमा वा ***देहाय बमोजिमको अवस्थामा बाहेक*** संवत् २०७४ साउन १ गतेदेखि कुनै व्यक्ति, फर्म, कम्पनी वा संस्थाले **एकपटकमा दश लाख रुपैयाँ वा सोभन्दा बढी मूल्यको** कुनै वस्तु वा सेवाको खरिद बिक्री वा अन्य कारोवार गर्दा **वित्तीय संस्था वा बैंकिङ्ग उपकरण मार्फत** गर्नुपर्ने व्यवस्था गरिएको हुँदा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

(क) वित्तीय संस्थामा निक्षेप, बचत वा सटही गर्न,

(ख) वित्तीय संस्थाबाट लिएको कर्जा, त्यसको साँवा तथा ब्याज भुक्तानी गर्न,

(ग) वित्तीय संस्थाहरुबीचमा नगद कारोबार गर्न,

(घ) कुनै निक्षेपकर्ता वा बचतकर्ताले कुनै खास कारण देखाई नगद भुक्तानीको लागि दिएको निवेदनको व्यहोरा र कारण मनासिब देखिएमा त्यस्तो निक्षेपकर्ता वा बचतकर्ताको खाता रहेको वित्तीय संस्थाबाट निक्षेपकर्ता वा बचतकर्तालाई उल्लिखित सीमाभन्दा बढी नगद भुक्तानी दिन ।

नेपाल राष्ट्र बैंक<br>
केन्द्रीय कार्यालय<br>
बालुवाटार, काठमाण्डौ, नेपाल